# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७४।०६।१० गते

# प्रेस विज्ञप्ति

**विषय: घुस रकम सहित नियन्त्रणमा लिईएको ।**

-----------------------------------------------------------------

महानगरीय प्रहरी वृत बालाजु, काठमाण्डौंमा कार्यरत प्र.स.नि. चन्द्र सिंह भाट, बाल सुधार गृह भक्तपुरमा कार्यरत प्र.ज. पुष्कर शाह र आफुलाई "प्रहरी हुँ" भनि बताउने तार्केश्वर न.पा.-११ काठमाण्डौंका बिनोद थापाले विभिन्न बहानामा दशैं खर्चको निमित्त भनि सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने उजुरी एवम् निवेदनको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिई गएको टोलीले निजहरूलाई रु.५,००,०००/-(पाँच लाख) घुस रकम लिएको अवस्थामा प्र.स.नि. चन्द्र सिंह भाटकै कार्यकक्षबाट मिति २०७४/०६/०८ गते घुस रकम सहित नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता